# टीकापुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## टीकापुर, कैलाली
## सुदूरपश्चिम प्रदेश, नेपाल

सम्पर्क नं.
प्रमुख प्रशासकीय अधिकृत०९१,५६०११८
प्रशासन शाखा, ०९१५६०८१६


पत्र संख्या २०७७/०७८
चलानी नं.

मिति:२०७७/१२/०१

टीकापुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय टीकापुर, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

## सूचना ! सूचना !! सूचना !!!

भूमि सम्बन्धी समस्या समाधान आयोगबाट मिति २०७७/११/१८ गते प्रकाशित ३५ दिने सूचना बमोजिम यस टीकापुर नगरपालिका क्षेत्र भित्र बसोबास तथा जग्गा आवाद कमोत गरी रहनु भएका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुलाई आवास वा कृषि प्रयोजनका लागि जग्गा उपलब्ध गराउने आवेदन फारम लिई तपाईहरुको घरदैलोमा तथ्याङ्क संकलन टोली आउने हुदा लगत संकलनको लागि तपशिल बमोजिमका कागजातहरु तयारी अवस्थामा राख्न हुन अनुरोध छ । सो कार्यका लागि खटी आउनु भएका तथ्याङ्क संकलकबाट माग गरिएका विवरण र कागजात समयमै उपलब्ध गराई आवेदन फाराम भर्ने कार्यमा सहयोग गरिदिनु हुन नगरपालिका सबै नागरिकहरुमा अनुरोध गर्दछ । समयमै आवेदन फाराम नभर्ने माग गरिएका कागजात र विवरण उपलब्ध नगराएको कारण नियमानुसार जग्गा प्राप्त नभएमा त्यसको जिम्मेवार सम्बन्धित व्यक्ति हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीका गराइन्छ । साथै झुठा विवरण दिई आवेदन फाराम भरेमा नियमानुसार कारवाही हुने व्यवस्था भएको व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

**अव्यवस्थित बसोबासको लागि आवश्य कागजात**

१. परिवारमुली र नागरिकता प्राप्त परिवारका अन्य सदस्यहरुको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि र नागरिकता प्राप्त नभएका अन्य सदस्यको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि ।
२. आफू र परिवारका सदस्यको नाममा नेपाल राज्यभर रहेको सबै जग्गाको पुर्जाको प्रतिलिपि र सम्बन्धित स्थानीय तहले सम्पतिकर प्रयोजनको लागि निर्धारण गरेको मूल्यांकनसम्बन्धी स्थानीय तहको सिफारिस पत्र ।
३. उपभोग प्रमाणसम्बन्धी कागजातको प्रतिलिपि (विद्युत/पानीको महसुल तिरेको रसिद, स्थानीय तहले दिएको सिफारिस, घरसारको कागज, भोगचलन गर्न दिएको प्रमाण, घरको नक्सापासको प्रतिलिपि, बहाल बिटौरी शुल्क तिरेको रसिद अन्य आदी)
४. परिवामुली र परिवारमुली पनि/पत्नीको हालसालै खिचेको ३/३ प्रति पासपोर्ट साइजको फोटो ।
५. उपलब्ध अन्य प्रमाणहरु भएमा ।

**भूमिहीन दलित र भूमिहीन सुकुम्बासीको लागि आवश्यक कागजात**

१. परिवारमुली र नागरिकता प्राप्त परिवारका अन्य सदस्यहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र नागरिकता प्राप्त नभएका अन्य सदस्यको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि ।
२. उपभोग प्रमाणसम्बन्धी कागजातको प्रतिलिपि (विद्युत/पानीको महसुल तिरेको रसिद, स्थानीय तहले दिएको सिफारिस, घरसारको कागज, भोगचलन गर्न दिएको प्रमाण, घरको नक्सापासको प्रतिलिपि, बहाल बिटौरी शुल्क तिरेको रसिद अन्य आदी)
३. परिवामुली र परिवारमुली पनि/पत्नीको हालसालै खिचेको ३/३ प्रति पासपोर्ट साइजको फोटो ।
४. उपलब्ध अन्य प्रमाणहरु भएमा ।

..............................
प्रमुख प्रशासकिय अधिकृत
मोहन प्रसाद अर्याल
प्रमुख प्रशासकिय अधिकृत